# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः १२ मितिः २०७७/१२/१२


## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२
को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको
गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधारणको
जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको ऐन नं. १**

# गौमुखी गाउँपालिका शिक्षा ऐन २०७७

**गाउँ सभाबाट पारित मिति २०७७।१०।२८**

**प्रस्तावनाः**

नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहने व्यवस्था गरेको सन्दर्भमा गौमुखी गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालन भैरहेका र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरूको समुचित व्यवस्थापन गरी गाउँपालिका भित्रका सबै बालबालिकाहरूको लागि अनिवार्य, निशुल्क, गुणस्तरीय र सान्दर्भिक विद्यालय शिक्षाको सुनिश्चितताबाट देश विकासका लागि आवश्यक पर्ने योग्य, सक्षम तथा सिपयुक्त जनशक्ति उत्पादन गरी समुन्नत् राष्ट्र निर्माणको आधार तयार पार्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गौमुखी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गौमुखी गाउँपालिका शिक्षा ऐन २०७७" रहेको छ ।

(२) यो ऐन गौमुखी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले गौमुखी गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँसभा" भन्नाले गौमुखी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, न्युनदृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिजम्, बौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ज) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सिप तथा विषयवस्तुको सिकाइ तथा प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ । यसले प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रहरुबाट प्राविधिक तथा व्यवसायिक विषय सम्बन्धी ज्ञान सिप तथा विषयवस्तुको सिकाई एवं अध्यापन गराइने डिप्लोमा र अन्य प्राविधिक तथा व्यवसायिक तालिम समेतलाई जनाउने छ ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफामूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले स्थानीय समुदायले आफ्नो धर्म, संस्कृति, रीतिरिवाजको संरक्षण र सम्वर्द्धन समेत गर्न संचालन गर्ने धार्मिक प्रकृतिका विद्यालय (गुम्बा, गुरुकूल र मदरसा) समेतलाई जनाउने छ ।

(ञ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) “सहकारी विद्यालय” भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) “तोकिएको” वा ’तोकिए बमोजिम’ भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय संचालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) “निशुल्क शिक्षा” भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनु पर्छ । यो व्यवस्थाले नेपालको सविधानको धारा (३९) को उपधारा (२) बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

(त) “आवासीय विद्यालय” भन्नाले संघिय सरकार, प्रादेशिक सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(थ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनु पर्छ ।

(द) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), प्रमाानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(ध) “शिक्षक छनौट समिति” भन्नाले स्वीकृत दरबन्दी तथा थप अनुदान (राहत) कोटामा अस्थायी वा करारमा शिक्षक नियुक्तिको सिफारिस गर्न गठन भएको गाउँपालिका स्तरीय शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(न) “समावेशी शिक्षा” भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिका समेत अन्य सबै बालबालिकाहरुलाई बिना भेदभाव नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा सम्झनु पर्छ ।

(प) “शिशु स्याहार” भन्नाले ३ बर्ष वा सो भन्दा मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनु पर्छ ।

(फ) “शिक्षा शाखा” भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(ब) “शिक्षा शाखा प्रमुख” भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्छ ।

(भ) “शिक्षक सेवा आयोग” भन्नाले संघिय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति तथा बढुवा समेतको सिफरिस गर्ने आयोग सम्झनु पर्छ ।

(म) “शिक्षा समिति” भन्नाले गौमुखी गाउँपालिका अन्तर्गत गठन भएको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालयको स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्ने:**

(१) गाउँपालिका भित्रको कुनै समुदाय वा कसैले नयाँ विद्यालय खोल्न वा सञ्चालन भैरहेको विद्यालयमा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनु भन्दा तीन महिना अगावै तोकिएको विवरण खुलाई शिक्षा शाखामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर शिक्षा शाखाले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति दिन मनासिव देखिएमा गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न अनुमति दिनेछ ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस दिइनेछैन ।

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य भएको संगठित संस्था हुनु पर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) सामाजिक परोपकारी तथा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछन् ।

(९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुने छ ।

(१०) मातृ भाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धि व्यवस्था दफा (३) को उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) माथिल्लो उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुने छ । तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको अन्तिम परीक्षाको सञ्चाालन सम्बन्धी व्यवस्था गाउँपालिकाबाट हुनेछ ।

(१२) विद्यालयको सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्नेः**

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नु पर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुने छन् । प्रचलित कानुन अनुसार तोकिएको पूर्वाधार तयार नहुँदासम्म विद्यालयहरूलाई सञ्चालनको लागि अनुमति दिइने छैन ।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द गर्न सकिने छ ।

(३) सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र गाउँपालिकाको हुने छ ।

## ५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू समायोजन गर्न सकिनेछ:

(क) दुई वा सो भन्दा बढि विद्यालयहरू बीचको पैदल दुरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटरसम्म भएको र तोकिएको संख्यामा विद्यार्थी संख्या नपुग भएर पनि कक्षा ५ सम्म सञ्चालन रहेको,

(ख) दुई वा सो भन्दा बढि विद्यालयका नियमबमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिले बहुसंख्यक अभिभावकको सहमति सहित आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिएमा,

(ग) कुनै विद्यालयमा तोकिएको संख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि गाउँपालिकाले दफा ६(१) बमोजिमको विद्यालयमा वा अन्यत्र सबै विद्यार्थीहरूलाई अध्ययनको व्यवस्था मिलाएमा ।

(२) कुनै विद्यालयमा संघीय कानुन वा गाउँपालिकाले तोकेको कक्षागत विद्यार्थी संख्याको तोकिएको अनुपात भन्दा कम विद्यार्थी भएमा तह झार्न वा कक्षा वन्द गर्न सक्ने छ तर यसो गर्दा गाउँपालिकाले उपदफा १ (ग) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले तोकिए बमोजिमका शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

## ६. आवासीय विद्यालय सञ्चालन गर्न सक्नेः

(१) गाउँपालिकाले आफ्नो गाउँ क्षेत्रभित्रका विकट र छरिएका ग्रामीण बस्तीहरूमा सञ्चालित दफा (५) को उपदफा (१) को खण्ड (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा विभिन्न कारणबाट विद्यालयको पँहुच बाहिर रहेका लक्षित उमेर समूहका बालबालिकाहरूको आधारभूत शिक्षा सुनिश्चिततताको लागि तोकिएको विद्यालयलाई गाउँपालिकाले आवासीय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ ।

(२) यस्ता विद्यालयहरूमा गाउँपालिकाबाट तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूले निशुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्न सक्ने छन् ।

**७ शाखा विद्यालय सञ्चालन गर्न सक्नेः** तोकिएको मापदण्डभन्दा कम विद्यार्थी संख्या भएपनि कुनै सामुदायिक आधारभूत विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा शिक्षा समितिको सिफारिसमा वडा भित्रको पायक पर्ने कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी गाउँपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन मातृ विद्यालयले तोके बमोजिम हुने छ ।

**८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

(१) गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर गाउँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(३) यस भन्दा पूर्व साविकको अनौपचारिक शिक्षा केन्द्र वा जिल्ला शिक्षा कार्यालयबाट सामुदायिक अध्ययन केन्द्रका नाममा अनुमति पाई सञ्चालन भइरहेका सामुदायिक सिकाइ केन्द्रहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(४) गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने केन्द्रका रुपमा समेत जिम्मेवारी दिन सक्नेछ ।

**९. शिशु स्याहार, प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी व्यवस्थाः**

(१) गाँउपालिकाले तोकिएको मापदण्डमा आधारित भई सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा प्रारम्भिक बाल शिक्षा उपलब्ध गराउन ईच्छुक विद्यालय वा समुदायलाई प्रारम्भिक बाल शिक्षा सञ्चालनको अनुमति दिइने छ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरेको प्रारम्भिक बाल विकास र शिक्षा सञ्चालनका लागि विद्यालयमा आधारित र समुदायमा आधारित दुई किसिमका बाल विकास केन्द्र रहने छन् ।

(३) उपदफा (२) बमोजिम केन्द्रबाट सञ्चालन हुने प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक शिक्षाको अवधि एक वर्षको हुने छ ।

(४) गाँउपालिकाभित्रको कुनै समुदायले तोकिएको मापदण्ड पूरा गरी समुदायमा अधारित बालविकास केन्द्र सञ्चालन गर्न अनुमति माग गरेमा त्यस्ता केन्द्रहरुलाई नजिकको विद्यालयलाई जिम्मेवार बनाई गाउँ शिक्षा समितिले सञ्चालन अनुमति प्रदान गर्न सक्नेछ ।

(५) तीन वर्ष उमेर नपुगेका बालबालिकालाई विद्यालय वा समुदायमा आधारित दुवै किसिमका प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न पाइने छैन ।

(६) तीन वर्ष उमेर नपुगेका बालबालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ । यस्ता केन्द्रहरूको अनुमति र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुने छ ।

(७) बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०. वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था**

(१) गाउँपालिकाले औपचारिक शिक्षाको अवसरबाट वञ्चित नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा,बाल शिक्षा, दूर तथा खुला शिक्षा र प्राविधिक तथा व्यावसायिक तालिमको व्यवस्था गर्न र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था

**११. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः**

१. विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नु पर्नेछ ।

२. विद्यालयले संघिय सरकार तथा प्रदेश सरकारले तोकेको न्युनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइ गर्नु पर्नेछ ।

३. गाउँपालिका भित्रका विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा तोकिए बमोजिमको “गौमुखी गाउँपालिका पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण तथा व्यवस्थापन समिति” रहनेछ ।

४. उपदफा (३) बमोजिमको समितिले राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम गाउँपालिका भित्र लागु हुने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्धारण गरी लागु गर्न र आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

५. उपदफा (३) बमोजिमको समितिले गाउँपालिका अन्तर्गतका विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन र पाठ्यपुस्तकको उपलब्धता सम्बन्धमा आवश्यक व्यवस्था एवम् अनुगमन लगायतका कार्य गर्नेछ ।

६. पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन र प्रदेश कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक गाँउपालिकाले तोकेबमोजिम हुनेछ ।

**१२. थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्नेः**

(१) उपदफा ११ (३) बमोजिमको समितिले गाउँपालिका भित्रका विद्यालयहरुमा प्रयोग गर्न सकिने थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची तयार गरी प्रकाशन गर्नेछ ।

(२) उपदफा ११ (३) बमोजिमको समितिले प्रत्येक वर्षको शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा तीन महिना पहिला नै थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची अद्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम समितिले थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची तयार गर्दा साविकको पाठ्यक्रम विकास केन्द्रको सूचीलाई स्रोत सामग्रीका रुपमा लिन सक्नेछ ।

(४) कुनै विद्यालयले थप पाठ्यसामग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा उपदफा (१)मा सूचीकृत गरिएका थप पाठ्यसामग्री वा पाठ्यपुस्तकहरु मध्येवाट उपयुक्त ठानिएका पाठ्यपुस्तकको पाठ्यसामग्री शिक्षा शाखा प्रमुखबाट स्वीकृति लिई लागु गर्न सक्नेछ ।

(५) थप पाठ्यपुस्तक तथा पाठ्य सामग्री सम्वन्धि अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**१३. माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिमको हुने छ ।

क) साधारण माध्यमिक शिक्षा .

ख) संस्कृत माध्यमिक शिक्षा .

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

**१४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुबै भाषा हुन सक्ने छ । तर देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत शिक्षा (कक्षा १-५) स्थानीय मातृभाषाको माध्यमबाट दिन सकिनेछ ।

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(ग) शिक्षणको माध्यम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**१५. परीक्षाको सञ्चालनः**

(१) माध्यमिक शिक्षाको कक्षा १०, ११ र १२ को अन्त्यमा हुने परीक्षाको संचालन संघिय तथा प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्तिममा हुने परीक्षा गाउँपालिकाले सञ्चालन गर्ने छ ।

(३) आधारभूत तहको अन्तिम परीक्षा र अन्य कक्षाको सिकाइ उपलब्धी सम्बन्धी परीक्षा समेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिका प्रमुखको अध्यक्षतामा तोकिए बमोजिमको परीक्षा समन्वय समिति र तपसिलको एक गाउँपालिका स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) गाउँपालिका भित्रका सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुका प्रध्यानाध्यापक वा शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिलासहित गाउँ शिक्षा समितिले मनोनित गरेका चार जना -सदस्य

(ग) शिक्षा शाखाका कर्मचारी मध्येबाट परीक्षा समितिले मानोनीत गरेको १ जना -सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(४) परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## शिक्षा समिति, वडा शिक्षा समिति विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था

**१६. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्रको शिक्षा सम्बन्धी योजना, तथा नीतिगत व्यवस्था एवम् समन्वय गर्नका लागि देहाय बमोजिमको एक शिक्षा समिति रहनेछ-

| | | | |
|---|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | - | अध्यक्ष |
| (ख) | गाउँपालिकाको उपाध्यक्ष | - | उपाध्यक्ष |
| (ग) | गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) | गाउँ कार्यपालिकाको शिक्षा हेर्ने विषयगत समितिको संयोजक | - | सदस्य |
| (ङ) | गाउँसभाका सदस्यमध्ये समावेशीताको आधारमा गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना | - | सदस्य |
| (च) | सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना | - | सदस्य |
| (छ) | शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका माध्यमिक तथा आधारभूत तहका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट कम्तीमा एक जना महिला सहित शिक्षा समितिले मनोनित गरेको तिन जना | - | सदस्य |
| (ज) | गाँउपालिका भित्रको शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि | - | सदस्य |
| (झ) | शिक्षा समितिले स्थानीय शिक्षाविद् तथा शिक्षा प्रेमी मध्येबाट मनोनयन गरेको एक जना महिला सहित दुई जना | - | सदस्य |
| (ञ) | शिक्षा शाखा प्रमुख | - | सदस्य सचिव |

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र लेखिए बाहेक देहाय बमोजिम हुनेछः

(क) शिक्षा सम्बन्धी गाउँस्तरीय शैक्षिक योजना तर्जुमा गर्ने,

(ख) आफ्नो क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने आर्थिक स्रोतको खोजी गर्ने,

(ग) सामुदायिक विद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी गाउँपालिकामा सिफारिस गर्ने,

(घ) सामुदायिक विद्यालयहरूको लेखा परीक्षणका लागि लेखा परीक्षक सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

(ङ) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी वितरण र मिलान गर्ने,

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक बनाउने,

(छ) शिक्षाको गुणस्तर नाप्ने सूचक निर्धारण गर्ने र प्रगति मुल्याकंन गर्ने,

(ज) सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने

(झ) विद्यालयको सुपरीवेक्षण गर्ने-गराउने ।

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १७. शिक्षा अनुगमन समितिः

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन तथा मूल्याकंन गर्ने प्रयोजनका लागि देहाय बमोजिम शिक्षा अनुगमन समिति रहनेछ ।

(क) सामाजिक बिकास समितिको संयोजक - संयोजक

(ख) गाउँ सभाका सदस्यहरु मध्ये गाउँ कार्यपालिकाले तोकेको एकजना - सदस्य

(ग) विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट शिक्षा समितिले तोकेको एकजना - सदस्य

(घ) शिक्षक अभिभावक संघका अध्यक्ष तथा बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको दुई जना - सदस्य

(ङ) शिक्षक महासंघको अध्यक्ष - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिमा आवश्यकता अनुसार स्थानिय शिक्षाविद् तथा अभिभावकको प्रतिनिधीलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सकिनेछ ।

(३) शिक्षा अनुगमन समितिको काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १८. वडा शिक्षा समितिः

(१) गाउँपालिकाका विभिन्न वडा भित्रको शिक्षा सम्बन्धी समन्वय तथा योजना निर्माण गर्नका लागि प्रत्येक वडामा सम्वधित वडा अध्यक्षको अध्यक्षतामा निम्न सदस्य रहेको वडा शिक्षा समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्ये समावेशीताको आधारमा वडा समितिले तोकेको एकजना - सदस्य

(ग) वडा भित्रको माध्यमिक विद्यालय र माध्यमिक विद्यालय नभएका ठाँउको आधारभुत विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट वडा समितिले तोकेको एकजना - सदस्य

(घ) वडा भित्रका शिक्षा विद् वा शिक्षाप्रेमी मध्येबाट समितिले तोकेको एक जना - सदस्य

(ङ) वडा भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट र माध्यमिक विद्यालय नभएका ठाँउको आधारभुत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट उत्कृष्ट नतिजा ल्याउने विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्ये महिला समेत पर्ने गरी वडा समितिले मनोनयन गरेको दुईजना

-सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १९. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्वन्धि व्यवस्थाः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एउटा विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित जम्मा तीन जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडा समितिको सदस्य मध्येबाट वडा समितिले तोकेको एकजना - सदस्य

(ग) गाउँ शिक्षा समितिले मनोनित गरेको स्थानीय शिक्षाविद् एक जना - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दा/जग्गा दाता, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका स्थानीय व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन

समितिले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको प्रतिनिधी एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**स्पष्टीकरण:** अभिभावक भन्नाले विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ । तर बिद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा भने बिद्यार्थीका बाबु आमा बाजे, बजै र यस्ता अभिभावक नभएको अवस्थामा संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(२) विद्यालय व्यवस्थापन समिति गठनको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड (क) अनुसारका सदस्यहरू छानी माथि उपदफा १ को खण्ड ख र ग बमोजिमको सदस्यहरु मनोनयनका लागि अनुरोध सहित गाउँपालिका र शिक्षा समिति समेतलाई जानकारी दिनु पर्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष उपदफा (१) को खण्ड (क) अनुसारका सदस्यहरू मात्र हुनेछन् ।

(४) उपदफा (१) को खण्ड (क) अनुसार सदस्यहरु छनौट भएको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पदेन तथा अन्य सदस्य समेतको उपस्थितीमा विद्यालय व्यवस्थापन समितिको पहिलो बैठक बसी उपदफा (१) को खण्ड (घ) अनुसारका सदस्यहरु मनोनयन गर्नु पर्ने छ ।

(५) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकाको क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग सम्बन्धित व्यक्तिहरु मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य रहनेछन् ।

(६) पदेन प्रतिनिधित्व गर्ने बाहेक कुनै पनि सार्वजनिक निकाय, सहकारी वा संस्थानको कर्मचारी वा अन्य विद्यालयको शिक्षक विद्यालय व्यवस्थापन समितिको सदस्य हुन पाउने छैन ।

(७) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका व्यक्तिको अभिभावक रहनेछ र यस प्रकारका अभिभावक उपलब्ध हुन नसकेमा उक्त पद रिक्त राखिनेछ ।

(८) विद्यालयको शैक्षिक गुणस्तर वृद्दि गर्न आवश्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयको शैक्षिक गुणस्तर वृद्दि गर्न आवश्यक व्यवस्था मिलाउने

(ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको व्यवस्था गर्ने,

(ग) विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(च) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयलाई जानकारी दिने,

(छ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न सहयोग गर्ने,

(ज) रजिष्टर्ड लेखापरीक्षक बाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) शैक्षिक कार्यक्रम सञ्चालनका सन्दर्भमा प्रधानाध्यापकलाई सहयोग गर्ने,

(ञ) विद्यालयको आन्तरीक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त हुने वा बढुवा हुने शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमका पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ट) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

(९) दफा १९ (१) र १९ (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा तोकिएको निकाय वा अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१०) हाल कायम रहेका विद्यालय व्यवस्थापन समितिहरु गठन भएको मितिले पदावधि समाप्त नभएसम्म यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

(११) विद्यालय व्यवस्थापन समिति र पदाधिकारीहरूको योग्यता र गठन सम्बन्धी अन्य व्यवस्था र काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२०. प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः**

विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यको नेतृत्व गर्नका निम्ति विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

(१) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा शिक्षक बैठकबाट समेत पारित गराई व्यवस्थापन समितिको बैठकमा पेश गर्ने एजेण्डा तयार पार्ने ।

(ख) विद्यालयमा शिक्षक दरबन्दी थपघट तथा परिवर्तनका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको बैठकमा निर्णय गराई शिक्षा शाखामा सिफारिश गर्ने ।

(ग) विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

(घ) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित शिक्षा शाखामा सिफारिश गर्ने ।

(ङ) शिक्षक तथा कर्मचारीहरुलाई तालिमका लागि सिफारिश गर्ने ।

(च) विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापनको रेखदेख गर्ने ।

(छ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) प्रधानाध्यापक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २१. शिक्षक अभिभावक संघः

विद्यालयका शिक्षक अभिभावकबीच सहकार्य, सामाजिक परीक्षण गरी व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक कार्य गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(१) शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको अभिभावक भेलाले आफूहरु मध्येबाट छनोट गरी विद्यालय व्यवस्थापन समितिको सिफारीसमा गाउँकार्यपालिकाले छनोट गरेको व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरुले आफू मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

ग) विद्यालय रहेको वडाको वडा समितिले तोकेको एकजना सदस्य - सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीबी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका कम्तीमा एक जना महिला र एक दलित सहित तीन जना - सदस्य

ङ) शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि - सदस्य

च) प्रधानाध्यापक वा निजले तोकेको शिक्षक - सदस्य सचिव

(२) समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्रा १ र छात्र १) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अंक ल्याउने छात्रा १ र छात्र १ जनालाई आमन्त्रित गर्नु पर्नेछ ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने र सार्वजनिक गर्ने ।

(ग) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने ।

(घ) विद्यालय सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गर्न र नियमित बनाउन अभिभावकलाई प्रोत्साहन दिने ।

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(४) शिक्षक अभिभावक संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २२. संस्थागत विद्यालयको व्यवस्थापन समितिः

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक संस्थागत विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित तीन जना - सदस्य

(ग) स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट विद्यालयको सिफरिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित कम्तिमा दुईजना - सदस्य

(घ) विद्यालय रहेको वडाको वडा समितिले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्य मध्येबाट सिफारिस गर्नु पर्नछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई तोकिएको प्रकृया पुरा गरी शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(च) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलब भत्ताको व्यवस्था गर्ने,

(छ) शैक्षिक सत्र शुरुहुनु भन्दा कम्तिमा २ महिना पहिल्यै आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्ताव गरी शिक्षा शाखामा पेश गर्ने र गाउँपालिकावाट स्विकृत भएपछि लागु गर्ने ।

(ज) गाउँ पालिकाले तोके बमोजिम पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य लागु गर्ने,

(झ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**२३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले सिफारिस गरेमा गाउँ शिक्षा समितिले छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा गाउँकार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले बढिमा पाँच सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद-५

## कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख श्रोत व्यक्ति र वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार

**२४. कार्यपालिकाः**

(१) अन्यत्र लेखिए देखि बाहेक शिक्षाका सन्दर्भमा यो ऐन तथा प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने ।

(ख)	नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने ।

(ग)	शिक्षा सम्बन्धी वार्षिक, अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ)	तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(२)	उपदफा (१)मा उल्लेख गरेको काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५.	प्रमुख प्रशासकीय अधिकृतः**

(१)	शिक्षाको सामान्य व्यवस्थापनका सन्दर्भमा अन्यत्र लेखिए देखि बाहेक प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)	शिक्षा सम्बन्धी नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र गाउँ सभामा पेश गर्ने ।

(ख)	तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

(२)	प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६.	शिक्षा शाखा प्रमुखः**

(१)	गाउँपालिकामा अधिकृत स्तरको एक शिक्षा शाखा प्रमुख रहनेछ । यो ऐनमा अन्यत्र लेखिए बाहेक निजको अन्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुने छ:

(क)	प्रारम्भिक बालबिकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा. अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक, निरन्तर सिकाइ, सामुदायिक सिकाइकेन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी शिक्षा समितिमा पेश गर्ने ।

(ख)	शिक्षा समितिको निर्णयहरू कार्यान्वयन गर्ने ।

(ग)	आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने ।

(२)	शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७.	श्रोत व्यक्तिः**

(१) गाउँपालिका अन्तर्गतका विद्यालयहरुको संचालन व्यवस्थापन तथा शिक्षण सिकाई क्रियाकलापको अनुगमन तथा शिक्षण सिकाई प्रक्रियामा सहजीकरणका लागि गाउँपालिकाले आवश्यकता अनुसार श्रोत व्यक्तिको पद सिर्जना गर्न र नियुक्ति गर्न सक्ने छ ।

(२) श्रोत व्यक्तिको नियुक्ति, सेवा, सुविधा तथा काम कर्तब्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

**२८. वडा शिक्षा समितिः**

(१) प्रचलित कानुनमा अन्यत्र व्यवस्था भए देखि बाहेक वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर रहे नरहेको अभिलेख राखी विद्यालयमा भर्ना गराउन आवश्यक कार्य गर्ने,

(ख) वडा भित्रका विद्यालयहरू बिच समन्वय गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(घ) तोकिए बमोजिम  अन्य कार्यहरु गर्ने ।

(२) वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. विद्यालय सञ्चालन कार्यविधिः**

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरूको आचार संहिता,शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्नु पर्नेछ ।

(२) विद्यालय सञ्चालन कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(३) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. गाउँ पालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति तथा बिद्यालयलाई तोकिएको क्षेत्रसंग सम्बन्धीत आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको कर्तव्य हुनेछ ।

## परिच्छेद-६

## आर्थिक प्रबन्ध, सहायता र छुट

**३१. गाउँ शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन एवम् गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा यस ऐनमा उल्लेख भए बमोजिमको अन्य व्यवस्था कार्यान्वयनका लागि एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको करबाट प्राप्त हुन आउने रकम,

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको करबाट प्राप्त हुन आउने रकम,

(च) चन्दाबाट प्राप्त रकम,

(छ) शिक्षा कर

(ज) अन्य स्रोतबाट प्राप्त रकम

(३) उपदफा (१) वमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**३२. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) नियमानुसार लिन पाउने शुल्क,

(घ) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

## ३३. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्यबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

## ३४. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाँउपालिकाबाट नियुक्त रजिष्टर्ड लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको मितिले १५ दिनभित्र शिक्षा समितिमा पेस गर्नुपर्ने छ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत अभिभावक भेलाबाट अनुमोदन गरी सार्वजनिक गर्नु पर्नेछ ।

(४) विद्यालयको सामाजिक परीक्षण समितिमा देहायका सदस्यहरू रहनेछन् :

(क) शिक्षक अभिभावक संघको अध्यक्ष - संयोजक

(ख) सम्बन्धित विद्यालयका अभिभावकमध्येबाट शिक्षक अभिभावक संघले मनोनयन गरेको कम्तीमा एक महिलासहित दुई जना - सदस्य

(ग) सम्वन्धित वडा शिक्षा समितिले तोकेको सो समितिको सदस्य - सदस्य

(घ) शिक्षाविद् एवम् बुद्धिजिवी मध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ङ) विद्यालयका संस्थापक वा चन्दादाता मध्येवाट शिक्षक अभिभावक संघले मनोनयन गरेको एक जना - सदस्य

(च) प्रधानाध्यापकले तोकेको शिक्षक - सदस्य सचिव

(५) उपदफा (४) वमोजिमको सामाजिक परीक्षण समितिको बैठकमा सम्बन्धित विद्यालयको उच्चतम कक्षाको प्रथम छात्रा वा छात्र एक जनालाई अनिवार्य रुपमा आमन्त्रित गर्नुपर्नेछ ।

(६) विद्यालयले हरेक त्रैमासिक रुपमा विद्यार्थी मुल्यांकनको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्ने छ ।

(७) लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### ३५. विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्था

(१) गाउँपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बालबिकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

### ३६. विद्यालयलाई छुट र सुविधाः

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानुनमा भएको व्यवस्था बमोजिम छुट र सुविधाको व्यवस्था गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई गाउँपालिकाले, आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम छुट दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालयलाई दिईने छुट सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

### ३७. शिक्षा प्राप्त गर्ने अधिकार

(१) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा समतामुलक पहूँचको अधिकार हुनेछ । गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको कार्यान्वयनमा कसै प्रति भेदभाव गरिने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि प्रत्येक नागरिकलाई यो ऐन र प्रचलित कानून बमोजिम साक्षर हुने, प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा प्राप्तिको हक हुनेछ ।

(३) प्रचलित कानुन बमोजिम माध्यमिक शिक्षासम्मको दायित्व राज्यको हुनेछ ।

## ३८. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई गाउँपालिकाले प्रचलित कानुनमा व्यवस्था भए बमोजिम निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको व्यवस्था गर्नेछ ।

(२) निशुल्क तथा अनिवार्य शिक्षा उपलव्ध हुने उमेर समूहका बालबालिकालाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी व्यापारी वा अन्य व्यक्तिलाई गाउँपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई गाउँपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का वा स्थगन गर्न सकिने छ ।

(३) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३९. निःशुल्क माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकालाई गाउँपालिकाले प्रचलित कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउने छ ।

(२) निःशुल्क माध्यमिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४०. निःशुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्थाः

(१) माध्यमिक तह अध्ययन गर्ने सबै बालबालिकालाई गाउँपालिकाले सम्बन्धित विद्यालय मार्फत निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनेछ ।

(२) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न बालबालिकालाई आवश्यक पर्ने न्यूनतम शैक्षिक सामग्री गाउँपालिकाले तोकिए बमोजिम उपलब्ध गराउनेछ ।

(३) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका लागि गाउँपालिकाले क्रमशः प्रयोगशाला, खेलकुद पूर्वाधार, आधुनिक सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री आदि उपलब्ध गराउनेछ ।

(४) गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाका लागि आवश्यकता अनुसार नियमित रुपमा स्वास्थ्य परीक्षण तथा परामर्शको व्यवस्था मिलाउनेछ ।

(५) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न समुदायका बालबालिकाका लागि तोकिए बमोजिम दिवा खाजाको व्यवस्था गर्नेछ ।

(६) दफा ३८(१) र दफा ३९(१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिन पाउने छैन । कुनै विद्यालयले त्यस्तो शुल्क लिएको पाइएमा सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई

सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई शिक्षा शाखा प्रमुखले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ । तर उक्त व्यवस्थाले कुनै अभिभावकले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन बाधा पर्ने छैन ।

४१. **विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

४२. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका महिला, दलित, जनजाति, अल्पसंख्यक तथा सिमान्तकृत र अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि शिक्षा शाखाले आवश्यक प्रक्रिया पूरा गरी विद्यार्थी छनौट गर्नेछ ।

(३) छात्रवृत्ति उपलब्ध गराउने विद्यार्थी छनौट सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

४३. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिए बमोजिम वर्गीकरण गरिने छ ।

४४. **बर्गीकरणको आधारमा संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहने छ :

(क) गाउँपालिका, सामाजिक समितिको संयोजक - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिका स्थित संस्थागत विद्यालयका सञ्चालकहरुको प्रतिनिधित्व हुने गरी विद्यालयका प्रिन्सिपलहरु मध्येबाट शिक्षा शाखा प्रमुखले मनोनित गरेको एक जना - सदस्य

(घ) अभिभावकसँग सम्बन्धित संघ/सङ्गठनको प्रतिनिधीत्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्ने छ ।

(३) शुल्क निर्धारण समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

## परिच्छेद-९

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

### ४५. विद्यालय शिक्षण सेवाको गठन

(१) संघीय कानुनमा व्यवस्था भए बमोजिम गाउँपालिकामा एक विद्यालय शिक्षण सेवाको गठन हुनेछ ।

(२) यो ऐन लागु हुनु पूर्व नियुक्ति पाएका र नियुक्तिको प्रक्रियामा रहेका शिक्षककहरूको सेवाको शर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाबाट नियुक्त शिक्षकहरुको सेवा र शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिका क्षेत्रभर सञ्चालन भएका विद्यालयमा कार्यरत सरकारी स्रोतबाट तलब भत्ता पाउने शिक्षकहरुको दरबन्दी गाउँपालिकाको एकमुष्ट दरबन्दी हुनेछ । गाउँपालिकाबाट माध्यमिक तह सञ्चालन भएका र आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका विद्यालयका हकमा विद्यार्थी संख्या र पढाइ हुने विषयका आधारमा तथा आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका विद्यालयका हकमा विद्यार्थी संख्या र सञ्चालित कक्षाका आधारमा दरबन्दी वितरण र मिलान गरिनेछ ।

(५) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक कुनै कारणले अवकाश भई रिक्त हुन आएको दरबन्दी गाउँपालिकाको दरबन्दीमा रुपान्तरण हुनेछ ।

(६) नेपाल सरकारबाट स्विकृत दरबन्दी कम भै गाउँपालिका भित्रका विद्यालयमा विषयगत शिक्षकको अभाव हुन गएमा त्यस्ता विद्यालयमा गाउँपालिकाले थप दरबन्दी सिर्जना गर्न सक्ने छ ।

(७) गाउँपालिकाले प्रत्येक वर्ष नयाँ दरबन्दी सिर्जना गर्न र दरबन्दी मिलान गर्न सक्नेछ ।

(८) नेपाल सरकारको दरबन्दीबाट गाउँपालिकाको दरबन्दीमा रुपान्तरण भएका र गाउँपालिकाले सिर्जना गरेका दरबन्दीमा कार्यरत शिक्षकको सेवा शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

## ४६. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले माध्यमिक विद्यालयमा तोकिए बमोजिम कर्मचारीको व्यवस्था गर्नेछ ।

(२) विद्यालय कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४७. शिक्षकको नियुक्ति र पदस्थापन :

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी भएका शिक्षकहरूको नियुक्ति र पदस्थापना शिक्षक सेवा आयोगको सिफारिसमा गाउँ शिक्षा समितिले गर्ने छ ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा अस्थायी तथा करार नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको करार शिक्षक छनौट समिति रहने छ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

ख) शिक्षा शाखा प्रमुख - सदस्य

ग) शिक्षा शाखा प्रमुखले तोकेको सम्बन्धित विषयको विषय विशेषज्ञ - सदस्य

घ) विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विषयको विषय विशेषज्ञ - सदस्य

ङ) प्रधानाध्यापक - सदस्य सचिव

(३) उपदफा २ (ख) का लागि विषय विशेषज्ञको सूची गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू वा अवकाश प्राप्त शिक्षकहरु मध्येबाट आधारभूत तहका लागि स्नातक उत्तीर्ण र तालिम प्राप्त माध्यमिक तहका लागि स्नातकोत्तर उत्तीर्ण गरी माध्यमिक तहको तालिम प्राप्त व्यक्तिहरू मध्येबाट सार्वजनिक सूची प्रकाशन गर्नु पर्नेछ । यस्तो सूची प्रत्येक दुई वर्षमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) विद्यालयले विशेषज्ञ छनौटको माग गर्दा शिक्षा शाखासँग समन्वय गरी छनौट गर्नु पर्नेछ ।

(५) शिक्षक छनौट समितिको प्रशासनिक कार्य र अन्य व्यवस्था सम्बन्धित विद्यालयले गर्नेछ ।

(६) समितिका सदस्यहरूको सेवा सुविधा, बैठक र व्यवस्थापन कार्यविधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४८. अध्यापन अनुमति पत्र लिनु पर्ने:

अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन । तर विज्ञान, लेखा र कम्प्युटर लगायतका प्राविधिक विषयहरूमा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनमा अध्यापन

अनुमति पत्र प्राप्त भएका व्यक्ति उपलब्ध हुन नसकेको अवस्थामा करार शिक्षक पदमा उमेदवार हुन बाधा पर्ने छैन । अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**४९. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा आधारभूत तहका प्राथमिक शिक्षकहरूलाई समान तह र किसिमको दरबन्दीमा तथा आधारभूत तह निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई सम्बन्धित विषय र तह तथा किसिमको दरबन्दीमा सम्बन्धित शिक्षकको निवेदन, आउने र जाने दुवै बिद्यालयको सहमतिमा गाउँपालिका शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले तोकिए बमोजिम सरुवा गर्न सक्नेछ ।

तर विद्यार्थी संख्या कम भई सरूवा गर्नुपर्ने अवस्था, विषयगत शिक्षक तथा दरबन्दी मिलान र कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा तथा सरूवा गर्नुपर्दा सम्बन्धित शिक्षक र वि.व्य.स.को सहमति लिन बाध्य पर्ने छैन् ।

(२) शिक्षकको सरुवा गर्दा सामान्यतया: एक जना शिक्षक एउटा विद्यालयमा सरुवा भइसकेपछि सो विद्यालयमा सामान्यतया: कम्तीमा दुई वर्ष सेवा नपुग्दै सरुवा नहुने व्यवस्था मिलाउनु पर्नेछ । तर स्वास्थ्य तथा विषयगत शिक्षक मिलान र अन्य विशेष परिस्थितिमा यस्तो व्यवस्था अनिवार्य हुने छैन ।

(३) अन्तर स्थानीय तह सरुवा:

(क) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई कार्यरत विद्यालयको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिका शिक्षा शाखाले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई यस गाउँपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति सहित यस गाउँपालिकाको शिक्षा शाखामा तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ । उक्त निवेदनमा तोकिए बमोजिम कारबाही हुने छ ।

(ग) सेवा निवृत्त हुन १ वर्ष भन्दा कम सेवा अवधि वाकी रहेको शिक्षकको सामान्यतया अन्तर स्थानीय तह सरुवा गरिने छैन ।

(घ) अस्थायी करार तथा अनुदान कोटामा कार्यरत शिक्षकको अन्तर स्थानीय तह सरुवा हुने छैन ।

(ङ) शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**स्पष्टीकरण:**

यस दफाको प्रयोजनका लागि अन्तर स्थानीय तह सरुवा भन्नाले देशभरका कुनै स्थानीय तह अन्तर्गतका विद्यालयबाट यस गाउँपालिकामा रहेका विद्यालयमा सरुवा भई आउने र यस गाउँपालिकाबाट देशका कुनै अन्य स्थानीय तह अन्तर्गतका विद्यालयमा सरुवा भई जाने भन्ने बुझिनेछ ।

**५०. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक र कर्मचारीको दरबन्दी रहनेछ ।

(२) विद्यालय शैक्षिक गुणस्तर सुधार, प्रशासनिक सुधार तथा व्यवस्थापकीय सुधार गर्ने उद्देश्यले विद्यालयमा प्रशासनिक नेतृत्व गर्ने प्रधानाध्यापक लाई प्रतिस्पर्धी र थप जिम्मेबार एबम् जबाफदेहि बनाउने तथा प्र.अ नियुक्तिमा एकरुपता ल्याउन करारमा प्र.अ छनोट पक्रिया गरिनेछ ।

(३) माध्यमिक विद्यालयमा मात्र सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिने छ । विद्यालयको प्रधानाध्यापक र सहायक प्रधानाध्यापक नियुक्ति गर्दा वरिष्ठता र कार्य क्षमता सहितको परीक्षा प्रणालीलाई आधार मानी गाउँपालकाको छनोट कार्य बिधि अनुसार गाउँपालिका स्तरीय छनोट समितीको सिफारीसमा गाउँपालिकाले तोकिए बमोजिम समय अबधिको लागि करारमा प्र.अ नियुक्ति गर्नेछ ।

(४) उपदफा १,२ र ३ बमोजिम नियुक्ति हुने प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीको नियुक्ति प्रकृया तथा सेवा सुबिधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. दरबन्दी मिलानः**

(१) आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी संख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी संख्या सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा गाउँ शिक्षा समितिले दरबन्दी मिलान गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानबाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले २१ दिनभित्र रमाना लिइ तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्नेछ ।

(३) कुनै विषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी गाउँ शिक्षा समितिले गाउँपालिकाको पुल दरबन्दीमा राख्ने छ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँ शिक्षा शाखाले आवश्यक व्यवस्थापन गर्ने छ । कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपूर्ति गरिने छैन ।

(४) दरबन्दी धेरै भई शिक्षक फाजिलमा परेका शिक्षकको कुनै कारणले अवकाश भई पद रिक्त हुन गएमा त्यस्तो दरबन्दीलाई दरबन्दी कम भएका तहमा रुपान्तरण गर्न सकिनेछ ।

**५२. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :**

(१) शिक्षकहरूको पेशागत हक हित, पेशागत विकास तथा शैक्षिक उन्नयनका लागि केन्द्रिय शिक्षक महासंघ अन्तर्गत महासंघको सदस्य हुन पाउनेछन् । उक्त महासंघमा आबद्ध शिक्षकहरुले पालन गर्नुपर्ने आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिका स्तरीय शिक्षक महासंघको गठन तथा निर्वाचन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सक्रिय सदस्य रहेको पाइएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(च) स्थायी आवसीय अनुमति पत्र लिएमा

(छ) विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा विद्यालय व्यवस्थापन समितिको स्विकृति बिना अन्यत्र अध्यापन वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा ।

(२) उपदफा १ (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम वा अन्य कुनै कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ कार्यपालिकाले विद्यालय व्यवस्थापन समितिको सिफारीसमा नीजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि सफाईको मनासिव मौका भने प्रदान गर्नु पर्ने छ ।

**५४. शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो शिक्षा शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ । सो सम्बन्धी गुनासोको अध्ययन गरी सम्भव उपाय अपनाई शिक्षा शाखाले गुनासो फछ्यौट सम्बन्धि कार्यको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) विद्यालय तहबाट फछ्यौट हुन नसकेका गुनासो उचित कारण खोली ३० दिन भित्र शिक्षा शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० दिन भित्र प्रचलित कानुन अनुसार सम्बोधन गर्नु शिक्षा शाखा प्रमुखको कर्तव्य हुनेछ ।

(४) शिक्षा शाखा प्रमुखले फछ्यौट गर्न नसकेको पेशागत गुनासो गाउँ शिक्षा समितिमा पेश गरिनेछ ।

(५) गाउँ शिक्षा समितिले गरेको गुनासो फछ्यौट अन्तिम हुनेछ ।

(६) यस दफा बमोजिम गुनासो फछ्यौट गरिएका कारणले कुनै व्यक्तिको कानुनी उपचार पाउने हकमा बाधा परेको मानिने छैन ।

**५५. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ५३ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय पाई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि आदेश वा फैसला बमोजिम प्राप्त गर्ने छ ।

**५६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

## परिच्छेद-१०

## सामुदायिक विद्यालयको सम्पत्ति
## भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

### ५७. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

### ५८. विद्यालयको सम्पत्ति

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व बिद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, गाउँपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, संग्रहालय, सिप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्ने छ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः गाउँपालिकाको हुने छ ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**५९. विद्यालय सम्पत्ति संरक्षण समितिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहने छः

(क) गाउँपालिकाको अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) मालपोत र नापी प्रशासन सम्बन्धी काम गर्ने नेपाल सरकार वा गाउँपालिकाको कम्तिमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत एक जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११
## दण्ड, सजाय र पुरस्कार

**६०. दण्ड, सजाय र पुरस्कारः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) देहाय बमोजिम अनुचित कार्य गर्ने शिक्षक, शैक्षिक संस्था, कर्मचारी तथा अन्य सम्बन्धित व्यक्तिलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा व्यवस्था भएको दण्ड जरिवाना बाहेक तोकिएको अधिकारीले आवश्यक विभागीय सजायँ गर्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परीक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा,

(ट) दफा ४४ अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको किनारा नलागेसम्म स्वतः निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछः

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजाय र जरिबाना गर्ने

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्ने

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

(५) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई कसूरको मात्रा हेरी तोकिएको अधिकारीले तोकिए बमोजिम देहायका विभागीय कारबाही गर्न सक्नेछ :

(क) तलव कट्टा गर्ने,

(ख) ग्रेड घटाउने,

(ग) ग्रेड वृद्धि रोक्का गर्ने,

(घ) नसिहत दिने,

(ङ) निलम्बन गर्ने,

(च) भविष्यमा सरकारी सेवामा अयोग्य नहुने गरी वा अयोग्य हुने गरी अवकाश गर्ने ।

६१. **पुरस्कारः**

**(१)** माध्यामिक तहको अन्त्यमा लिईने परीक्षा, एस.इ.इ. परीक्षा, आधारभूत तहको अन्त्यमा लिईने परीक्षा तथा सिकाई उपलब्धि सम्बन्धी अन्य परीक्षाको मूल्याङ्कनको आधारमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यालयको विकासमा योगदान पुऱ्याउने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक तथा आफ्नो विषयमा उत्कृष्ट नतिजा ल्याउन सहयोग पुऱ्याउने शिक्षकलाई उत्कृष्ट कार्यको कदर तथा प्रोत्साहन स्वरुप बार्षिक रुपमा तोकिए बमोजिम पुरस्कारको व्यवस्था गरिनेछ।

**(२)** उपदफा (१) बमोजिमको पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी :** संघीय, प्रादेशिक र स्थानीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

६३. **हदम्यादः** यो ऐन वमोजिमको कसुरबाट अन्य प्रचलित संघिय कानुन वा प्रदेश कानुनको समेत उल्लंघन हुन गएमा प्रचलित कानुनले तोकेको हदम्याद बमोजिम हुने छ । यस कानुनको मात्र उल्लंघन भई कसुर हुन गएमा कसुर भएको ६ महिना भित्र नालिस उजुरी नगरेमा पछि कुनै उजुर लाग्ने छैन ।

६४. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

## परिच्छेद-१२
## विविध

६५. **अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै सामुदायिक वा संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर

त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## ६६. विद्यालयलाई भयरहित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई भयरहित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) तोकिए बमोजिम बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन तर, कुनै पनि कारणले आधारभूत तहमा अध्ययन गर्ने सो तहका लागि लक्षित उमेर समूहका बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न सकिने छैन ।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न पाइने छैन ।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गराईने छैन ।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## ६७. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम गाउँपालिकाले बन्द गर्ने छ । त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानुन बमोजिम कारवाही गरिने छ ।

## ६८. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बाल क्लव, ईको क्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ ।

(३) अतिरिक्त शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**६९. प्रगति विवरण बुझाउनु पर्ने:** यस ऐन बमोजिम सञ्चालित प्रत्येक विद्यालय तथा शैक्षिक संस्थाले शैक्षिक सत्र सकिएको १ महिना भित्र तोकिए बमोजिमको विवरणहरू समावेश गरी बार्षिक प्रगति विवरण गाउँ शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

**७०. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न गाउँपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान र छात्रबृत्ति

(ग) परीक्षा सञ्चालन र व्यबस्थापन

(घ) अतिरिक्त तथा सह कार्यकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी संख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय व्यय र जाँच.

(ज) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री (संघीय र प्रादेशिक कानुनको परिधिमा रहेर),

(ञ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ट) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम,

(ड) भाषा शिक्षण, ट्युशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालनसम्बन्धी सम्पूर्ण विषयहरू,

(थ) गुठी र सहकारी विद्यालय सञ्चालन सम्बन्धी,

(द) स्रोतकेन्द्र र स्रोतव्यक्ति

(ध) छोटो अवधिका प्राविधिक तथा व्यावसायिक तालिमको सञ्चालन र व्यवस्थापन

(न) ऐनमा उल्लिखत अन्य विषयहरू

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तरगत रहेर गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**७१. संघ तथा प्रदेशका एकल अधिकार र साझा अधिकारको प्रचलन सम्बन्धी व्यवस्थाः**

(१) संविधानको अनुसूची ५ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघको एकल अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (१) बमोजिम बन्ने संघीय कानुनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) संविधानको अनुसूची ६ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी प्रदेशको एकल अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (२) बमोजिम बन्ने प्रदेश कानुनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(३) संविधानको अनुसूची ७ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघ तथा प्रदेशको साझा अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (१) बमोजिम बन्ने संघीय कानुन तथा धारा ५७ को उपधारा (२) बमोजिम बन्ने प्रदेश कानुनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(४) संविधानको अनुसूची ८ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार भित्रका विषयमा यो ऐन संघीय कानून वा प्रदेश कानूनसँग बाझिन गएमा यसै ऐनमा व्यवस्था भए बमोजिम नै हुनेछ ।

(५) संविधानको अनुसूची ९ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार भित्रका विषयमा यो ऐन संघीय कानुन वा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म संघीय कानुन वा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम नै हुनेछ ।

**७२. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐन बमोजिम गौमुखी गाउँ शिक्षा नियमावली जारी भई लागु नभएसम्म गौमुखी गाउँ शिक्षा ऐन, २०७७ अनुसार कार्यविधि तथा निर्देशिका तयार गरी लागु गर्न सकिने छ ।

**७३. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**७४. खारेजी र बचाउः**

(१) हालसम्म शिक्षा ऐन २०२८ र सो अन्तर्गत बनेका नियमावली तथा निर्देशिका अनुसार भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) हालसम्म गौमुखी गाउँपालिका बाट निर्मित विभिन्न कार्यविधि बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत